अन्तर्वार्ता

# 'महिलाको सशक्त प्रतिनिधित्वका लागि राजनीतिक दलहरूले सोच्नैपर्छ'

मानननीय डा. विमला राई पौड्याल, राष्ट्रिय सभा सदस्य



'यो २० प्रतिशत आरक्षणको प्रावधानले धेरै ठूलो परिवर्तन आयो । लगभग ४० हजार महिला एकैपटक राजनीतिक क्षेत्रमा सहभागी भए ।'

माननीय डा. विमला राई पौड्याल नेपालको राष्ट्रिय सभाकी सदस्य हुनुहुन्छ । नेदरल्याण्डको 'इन्स्टिच्यूट अफ सोसियल स्टडिज्'बाट विकास शास्त्रमा विद्यावारिधि हासिल गर्नुभएकी डा. विमलाले यसअघि नेपालको राष्ट्रिय योजना आयोगकी सदस्यका रूपमा पनि आफ्नो भूमिका निभाइसक्नु भएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको कार्यानुभव हासिल गर्नु भएकी डा. विमला नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)की सदस्य हुनुहुन्छ । डा. विमला नेपालका राजनीतिकर्मीहरूमध्ये स्पष्ट एवम् तर्कपूर्ण विचारकी धनी तथा विकास र लैङ्गिक एवम् सामाजिक समावेशीकरणकी मर्मज्ञको रूपमा समेत चिनिनुहुन्छ । यसपटक हामीले उहाँसँग नेपालको वर्तमान राजनीतिक चुनावी सन्दर्भ र महिलाहरूको सहभागिताका बारेमा भेटवार्ता गरेका थियौँ । प्रस्तुत छ, सो भेटवार्ताको सार-सङ्क्षेप :

**भेटवार्ताकार :** कर्ण नेपाली
**संयोजन :** तोया गौतम

***वि.सं २०७४ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा महिलाहरूको उम्मेद्वारी तथा परिणामलाई कसरी लिनुभएको छ ?***

स्थानीय तहको निर्वाचनमा महिला प्रतिनिधित्वको सन्दर्भलाई विश्लेषण गर्दा ऐतिहासिक परिवेशलाई पनि सम्झनु पर्छ। वि.सं. २०५१/०५२ ताका नेकपा एमालेको नेतृत्वमा स्व. मनमोहन अधिकारी प्रधानमन्त्री भएपछि, प्रत्येक वडाको चुनावमा २० प्रतिशत महिलाहरूका लागि आरक्षण गर्ने कुरा भयो। त्योभन्दा पहिला महिलाको प्रतिनिधित्व स्थानीय तहमा पाँच प्रतिशतभन्दा कम र केन्द्रमा तीन प्रतिशतजति मात्र थियो। यो २० प्रतिशत आरक्षणको प्रावधानले धेरै ठूलो परिवर्तन आयो। लगभग ४० हजार महिला एकैपटक राजनीतिक क्षेत्रमा सहभागी भए। स्थानीय तहमा महिलाहरूको उल्लेख्य प्रतिनिधित्वले स्थानीय स्तरका विकासका कार्यहरू बढी लैङ्गिक मैत्री र न्यायपूर्ण हुँदै गएको र यस्तो आरक्षण सबै तह र क्षेत्रमा पुऱ्याउनु पर्ने आवश्यकता पनि महसुस भयो। वि.सं. २०६३ जेष्ठ १८ गते तत्कालीन प्रतिनिधिसभामा प्रतिनिधिसभा सदस्य तथा वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वमा सांसदहरू कमला पन्त, नवराज सुवेदी र नारायणप्रकाश साउद समर्थक रहेको महिला सहभागिता र लैङ्गिक न्यायसम्बन्धी संकल्प प्रस्ताव पारित भयो। चारवटा संकल्प रहेको सो प्रस्तावले सरकारलाई राज्यको सबै संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न निर्देश गऱ्यो। यसै आधार-स्तम्भमा टेकेर वर्तमान संविधानले ३३ प्रतिशत महिला प्रतिनिधित्वका साथै स्थानीय तहमा कम्तीमा ४० प्रतिशत सदस्य महिला हुनुपर्ने र पालिकाको प्रमुख र उपप्रमुखमा एकजना महिला हुनुपर्ने व्यवस्था भएको हो। यसै प्रावधानअनुसार २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभा र प्रदेश सभामा ३३ प्रतिशत महिलाहरू निर्वाचित भए। स्थानीय तहमा सदस्यमा ४० प्रतिशतभन्दा बढी र पालिका प्रमुख र उपप्रमुखमा ५० प्रतिशत महिला बने। यसले के सिकायो भने महिला तथा पछाडि पारिएका वर्ग र समूहको समानुपातिक सहभागिता सुनिश्चित गर्ने कुराका लागि कानुनमै स्पष्ट प्रावधान हुनुपर्छ।

> 'गठबन्धनकै कारण करिब १३० पालिकाहरूमा प्रमुख र उपप्रमुख दुवै पुरुष नै भए।'

यसपालि २०७९ सालको स्थानीय चुनावमा पनि त्यही हुनुपर्ने हो तर परिणाम यस्तो आएन। किनकि, कानुनी प्रावधानको कार्यान्वयन गर्नुपर्ने जिम्मेवारीमा रहेका राजनीतिक दल र नेतृत्वमा इमानदारिता र प्रतिबद्धता देखिएन। कानुन नभई प्रतिनिधित्व सुनिश्चित नहुने रहेछ तर कानुनले बाँध्दामात्र पनि नहुने रहेछ।

संविधानले राजनीतिक दलहरूलाई स्थानीय तहको उम्मेद्वारी दिँदा प्रमुख र उपप्रमुखमध्ये एकजना महिला हुनुपर्छ भनेर निर्देशित त गरेको छ, तर एउटै पदमा मात्र उम्मेद्वार उठाउने दललाई भने यो प्रावधान बाध्यात्मक छैन अर्थात् एउटा मात्र पदमा उम्मेद्वारी दिने दलले महिला वा पुरुष जो उठाए पनि हुन्छ। यसपालिको स्थानीय चुनावमा पाँच दलहरूबीच गठबन्धन भयो र पालिकाको प्रमुख र उपप्रमुखमा गठबन्धनका दलहरूमा पद बाँडफाँट भयो। बाँडफाँटमा एउटै मात्र पद पाएका दलहरूले पुरुषलाई नै उम्मेद्वार बनाउँदा प्रमुख र उपप्रमुख दुवै पदमा पुरुष नै निर्वाचित हुने अवस्था बन्यो। अनौपचारिक रूपमा बनेको यो गठबन्धनलाई निर्वाचन आयोगले नै चिनेन।

कानुनले जसरी परिकल्पना गरेको थियो, परिस्थिति फरक भयो। गठबन्धनका कारण महिला प्रतिनिधित्वमा कमी आयो। यस सम्बन्धमा महिला नेतृहरूले निर्वाचन आयोगमा गई गठबन्धनलाई सचेत गराउन पहल पनि गरे, तैपनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेन। वि.सं. २०७४ को स्थानीय निर्वाचनको तुलनामा यसपालि पालिका प्रमुखमा नगन्य रूपमा महिला प्रतिनिधित्व बढेको भएपनि उपप्रमुखमा ७०० बाट घटेर ५६२ भएको छ। निर्वाचनमा एउटै दलबाट प्रमुख र उपप्रमुख दुवै पदका लागि उम्मेद्वारी दिइएको भए कानुनतः दुईजनामा एकजना महिलाको उम्मेद्वारी दिनैपर्ने हुन्थ्यो र महिला प्रतिनिधित्व बढ्ने सम्भावना रहन्थ्यो तर यहाँ त परिस्थिति अर्कै भइदियो जसका कारण विशेषगरी प्रमुख र उपप्रमुख पदमा महिला प्रतिनिधित्वको कमी हुन गयो। गठबन्धनकै कारण करिब १३० पालिकाहरूमा प्रमुख र उपप्रमुख दुवै पुरुष नै भए। महिला प्रतिनिधित्व घट्दा निर्णय गर्ने प्रक्रियामा महिलाको सहभागिता घट्छ। परिणामतः स्थानीय तहले जनतामा पुऱ्याउने सेवा-सुविधा र विकास कार्यको लैङ्गिक संवेदनशीलता र परिणाममा पनि असर पार्न सक्छ। यो दुःखद अवस्था हो।

***यहाँले माथि उल्लेख गर्नुभएजस्तै महिलाहरूलाई निर्णय तहमा निर्वाचित गराउन वा यसपटक अपेक्षाकृत प्रमुख र उपप्रमुखमा महिलाहरू निर्वाचित नहुनुमा राजनीतिक दलको भूमिका कस्तो पाउनुभएको छ ?***

महिला प्रतिनिधित्वलाई अर्थपूर्ण बनाउन र कानुनको प्रभावकारी कार्यान्वयन गर्न राजनीतिक दलको इमानदारी जरूरी छ। उनीहरूले कानुनी मर्म र समावेशीताको सिद्धान्तलाई गहिरो

गरी बुझ्नुपर्छ । जनताले महिलाले नेतृत्व गर्न सक्छन् भन्ने कुरा बुझ्न थालेका छन् । अहिले पनि २२ वटा पालिकाका प्रमुख पदमा महिलाहरू आउनुभएको छ । त्यसैले राजनीतिक दलले कुरा बुझ्नुपर्छ र महिलालाई सहयोग र विश्वास गर्नुपर्छ । तर, यसो हुन सकेको छैन । संविधान र निर्वाचनसम्बन्धी कानुनले महिला सहभागिता सुनिश्चित गरेपनि राजनीतिक दलको नेतृत्वले महिलाको उम्मेद्वारीमा कञ्जुस्याइँ गरेको देखिन्छ । उदाहरणका लागि, संविधानले एउटै दलबाट उम्मेद्वारी दिँदा स्थानीय तहको प्रमुख र उपप्रमुखमा एकजना महिलाको उम्मेद्वारी हुनुपर्ने व्यवस्था गरेको छ, तर व्यवहारमा राजनीतिक दलहरूले प्रायश: प्रमुखमा पुरुष र उपप्रमुखमा महिलाको उम्मेद्वारी दिन्छन् । यसैको परिणाम हो, ७५३ स्थानीय तहका प्रमुखमध्ये जम्मा २५ जना मात्र महिला छन् । अरू सबै पुरुष । अनि, जुन ठाउँको प्रमुखमा महिलाको उम्मेद्वारी छ, त्यहाँ दलको नेतृत्व र स्रोत परिचालन तथा चुनावी अभियान पुरुष उम्मेद्वार भएको ठाउँमा भन्दा कमजोर देखिएको छ, जस्तै : काठमाडौँ महानगरपालिकाकै उदाहरण लिऊँ, यदि सृजना सिंहको ठाउँमा नेपाली कांग्रेसबाट अरू कुनै पुरुष उम्मेद्वार भएको भए राजनीतिक दल, नेतृत्व र स्रोत परिचालन कति प्रभावकारी हुने थियो ? अन्दाज मात्रै गर्न सकिन्छ । यस्ता थुप्रै उदाहरणहरू दिन सकिन्छ । समग्रमा भन्दा, कानुनले जसरी महिला र अन्य पछाडि पारिएका समूहहरूको समानुपातिक सहभागिताको हक सुनिश्चित गरेको छ, दलहरूको नेतृत्वले त्यो कानुनी प्रावधानको मर्म राम्रो बुझ्न नसकेको वा बुझेर पनि प्रतिवद्धता र इमानदारितासहित कार्यान्वयन गर्न नसकेको प्रष्टै देखिन्छ ।

> ‘महिला उम्मेदवारले पैसा खर्च गरेर वा ठूलो लगानी गरेर पुरुष उम्मेदवारहरूसँग निर्वाचनमा भिड्न र विजय प्राप्त गर्न कठिन हुनसक्छ ।’

***आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि के सिकाइ भएको छ ?***

अब संघ र प्रदेशको चुनाव आउँदैछ, जहाँ कानुनमा समेत प्रतिनिधि सभा र प्रदेश सभाको परिणाममा नै ३३ प्रतिशत महिला हुनुपर्छ र समावेशी हुनुपर्छ भन्ने छ । संघ र प्रदेशको व्यवस्थापिकालाई समावेशी बनाउन महिलाहरूलाई प्रत्यक्ष निर्वाचनमा उम्मेद्वार बन्ने र जित्ने अवस्था सिर्जना गर्नुपर्छ । हाल राजनीतिक दलले आफूले प्रत्यक्ष जित्ने सम्भावना भएका ठाउँमा महिलाको उम्मेद्वारी दिएको पाइँदैन । सशक्त तरिकाले महिला उम्मेद्वारलाई प्रत्यक्षबाट ल्याउन प्रभावकारी प्रयास गरेको पनि देखिँदैन । राजनीतिक दलले पुरुषको तुलनामा महिला उम्मेद्वारलाई टिकट नै कम दिने; पुरुषको तुलनामा महिलाहरूलाई कम सुरक्षित स्थानबाट उम्मेद्वार बनाउने; बढ्दो चुनावी खर्च; असमान लैङ्गिक भूमिका तथा सम्पत्ति, समय र नेटवर्क परिचालन आदिमा पुरुषको तुलनामा महिलाको कम पहुँच हुनेजस्ता कारणहरूले महिलाहरूका लागि चुनाव क्षेत्र नै नछुट्याउने हो भने प्रत्यक्षतर्फको निर्वाचनमा समानुपातिक सहभागिता सुनिश्चित गर्न सम्भव देखिँदैन । प्रत्यक्ष निर्वाचनमा ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित नभएमा दलहरूलाई समानुपातिक प्रणालीबाट शतप्रतिशत महिला ल्याएर भएपनि व्यवस्थापिका संसदमा एकतिहाइ महिलाको प्रतिनिधित्व पुऱ्याउनु पर्ने बाध्यता हुन्छ ।

त्यसैले यो अवस्थामा सुधार गर्नु जरूरी छ । पहिलो कुरा, राजनीतिक दलले निर्वाचनमा उम्मेद्वारी तय गर्दा कम्तीमा ५० प्रतिशत महिला उम्मेद्वार दिनुपर्छ । दोस्रो, प्रत्यक्ष निर्वाचनमा उम्मेद्वारी दिँदा आफ्नो दलका लागि सुरक्षित मानिएको क्षेत्रमा महिलालाई उम्मेद्वार बनाउनु पर्छ । यसो भएमा महिलालाई पनि प्रत्यक्ष रूपमा चुनाव जित्न सम्भव हुन्छ । तेस्रो, प्रत्यक्ष रूपमा महिलाको उम्मेद्वारी दिइसकेपछि दलहरूले नै चुनाव जिताउन लाग्नुपर्छ । चुनाव खर्चिलो छ । सक्नेले र पैसा हुनेले मात्र जित्ने अवस्था आएको छ । चुनावलाई कम खर्चिलो र कम भड्किलो बनाउने कुरामा पनि पार्टी र निर्वाचन आयोगले पहल गर्नुपर्छ किनकि महिला उम्मेद्वारले पैसा खर्च गरेर वा ठूलो लगानी गरेर पुरुष उम्मेद्वारहरूसँग निर्वाचनमा भिड्न र विजय प्राप्त गर्न कठिन हुनसक्छ । खर्च न्यूनीकरण गर्न सबै दलहरूले आचारसंहिता अनिवार्य पालना गर्नुपर्छ र निर्वाचन आयोगले प्रभावकारी रूपमा अनुगमन र नियमन गर्नुपर्छ । यसको साथै महिला उम्मेद्वारहरूलाई प्रोत्साहित गर्नुपर्छ । महिलाहरूलाई क्षमता विकास, नेतृत्व विकास र सञ्चार अभियानमा समेत प्रोत्साहन दिनु पर्दछ । जबसम्म महिलाहरूलाई प्रत्यक्ष रूपमा उम्मेद्वार बन्न र निर्वाचित हुन आवश्यक वातावरण बनाइँदैन र आवश्यक लगानी गरिँदैन, कानुनले मात्र समानुपातिक सहभागिता र लैङ्गिक समानताको उद्देश्य पूरा गर्न सक्दैन । लोकतन्त्र र सामाजिक न्यायका लागि राजनीतिक दलको इमानदारिता र प्रतिबद्धता अपरिहार्य छ ।